**परिचयः**

मिति २०७३/११/२७ गते स्थानिय तहको निर्माण  संगै नुवाकोट जिल्लको साल्मे, भाल्चे, काहुले, फिकुरी र मनकामना गा.वि.स.हरु मिलेर किस्पाङ गाउँपालिका बनेको हो । प्राकृतिक सुन्दर्ता र जैविक विविधताले भरिपुर्ण यस गाउँपालिकाको पूर्वमा रसुवा जिल्लाको उत्तरगया गाउँपालिका, पश्चिममा नुवाकोट जिल्ला कै मेघाङ गाउँपालिका, उत्तरमा धादिङ जिल्लाको रुबिभ्याली गाउँपालिका र दक्षिणमा नुवाकोट जिल्लाकै विदुर नगरपालिका रहेको यस किस्पाङ गाउँपालिका समुन्द्र सतहदेखी ६०० फिट उचाई देखी ५२५० फिट उचाईको सतह सम्म फैलिएको भूभाग रहेकोको यस गाउँपालिकामा राष्ट्रियस्तरकै चर्चित र निर्माण अन्तिम चरणमा रहेको  ६० मेगवाट क्षमताको त्रिशुली थ्री ए जलबिद्युत आयोजना, निर्माणधिन अबस्थामा रहेको ३७ मेगावाट क्षमताको त्रिशुली थ्री वि जलविद्युत आयोजना यसै गाउँपालिका भित्र रहेको छ । त्यसै हालै निर्माण कार्य प्रारम्भ भै रहेको ५५ मेगावाट क्षमताको  मध्यगंगा जलविद्युत आयोजनाको हेडगेट समेत यसै गाउँपालिका भित्र रहेको छ । त्यति मात्रै नभएर राष्ट्रको गौरवशाली आयोजना एंव त्रिदेशिय ब्यापरिक मार्गको रुपमा परिचित गल्छी रसुवागढी मार्ग समेत यस गाउँपालिका हुदै गएको छ । घना जंगल, अनकन्टार भिर पाखा देखी  समथर खेतियोग्य भुभाग समेत रहेको यस गाउँपालिका भित्र जम्मा जनसंख्या १४८६१ र क्षेत्रफल ८२.५७ वर्ग कि.मी रहेको छ  । तामाङ जातिको बाहुल्यता रहेको यस क्षेत्रमा ब्राम्ह्ण, क्षेत्री, घले, दलित समुदायको मिश्रित बस्ती भएको यस गाउँपालिकमा विविध भाषा,सस्कृति,रहन सहन रहेको छ । सामाजिक ,सास्कृतिक एंव प्राकृतिक रुपमा धनी रहेको यस गाउँपालिका भित्र  अदभुत पुर्ण मनोरम हिमश्रृखलहरुको दृष्यावलोकन गर्न सकिने फिकुरीको डाँडा र अन्य प्रशस्त मनमोहक स्थानहरु भएको यस गाउँपालिकामा भाल्चे गोङगा भञ्ज्याङ,रुपचेत सिङला, गणेश हिमाल हुदै गोरखाको अरुघाट र रसुवाको सोम्दाङ पर्यटकिय पर्थमार्ग समेत रहेको छ  ।

**सबल पक्षः**

किस्पाङ गाउँ पालिकामा रहेको प्राकृतिक सम्पदा,जडिबूटी एंव जिवजन्तु,जैबिक विविधता र भौगोलिक सौदर्यता, जनसाङख्यकिय अनुपातमा यूवा शक्ति आर्थिक रुपले सक्रिय रुपमा रहेका जनसंख्या रहनु, विकासको कार्यक्रममा जनशक्ति क्रमिक रुपमा सक्रिय हुदै जानु र सामाजिक विकासमा अग्रसर रहनु एंव क्रामिक रुपमा शिक्षित हुदै जानु विद्यमान अवस्थाको सहकारीको प्रर्वद्धनबाट स्थानिय पूंजीको संकलन गर्नु, एक घर एक शौचालयको कार्य अन्तिम चरणमा रहनु, लघु उद्योगको निमार्ण क्रमशः वढदै जानु हाम्रो सबल पक्ष हो ।

**कमजोर पक्षः**

बिकासको विविध सवल पक्ष रहदा रहदै,यूवा शक्तिलाई गाउँपालिका भित्र नै रोजगरी प्रदान गर्न नसक्नु, वेरोजगार यूवा जनशक्तिलाई बैदेशिक रोजगारीको उचित विकल्प प्रदान गर्न नसक्नु, प्राकृतिक श्रोत र साधनको उचित प्रयोग गरि समग्र विकासको प्रक्रियामा सामेल गराउन नसक्नु, भिरालो धरातलका कारण उचित बस्ती ब्यवस्थापन हुन नसक्नु, भौगोलिक विकट्ताको कारण द्रुत रुपमा पूर्वाधार विकास गर्न नसक्नु, उर्वर जमिनमा सिचाई अभावका कारण कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धि गर्न नसक्नु, एंव कृषिमा आकर्षित ब्यक्तिलाई ब्यवसायिक कृषिमा उन्मुख गराउन नसक्नु जल उत्पन्न प्रकोप नियन्त्रण, एवं सुचना र प्राविधीको क्षेत्रमा नयाँ प्रयोग गर्न नसक्नु हाम्रा कमजोर पक्षको रुपमा रहेका छन । त्यस्तै बेदेशिक रोजगारबाट प्राप्त विप्रेशण (रेमिटेन्स) लाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न नसक्नु र बैदेशिक रोजगारबाट फर्केको दक्ष जनशक्तिलाई उसले प्राप्त गरेका सिप र दक्षतालाई प्रयोग गर्ने अवसर दिलाई आर्थिक उपार्जनमा उन्मुख गराउन नसक्नु यस गाउँपालिकाको कमजोर पक्ष रहेका छन् ।

**अवसरः**

भौगोलिक विविधताको उचित प्रयोग गरि उत्पादनको बृद्धि,आय आर्जनको नयाँ अबसरको सृजना, प्राकृतिक स्रोत र साधन, जडिवुटी र जलाधारको उपयोग गरि जिवनस्तर बृद्धि गर्ने,प्राप्त विप्रेषण (रेमिटेन्स) लाई उचित स्थानमा लगानी गरि विकासमा टेवा पुऱ्याउने, विकासका विभिन्न साझेदारलाई पूर्वाधार एंव आर्थिक विकासमा संचालन गराउने, बैदेशिक रोजगारी एंव आर्थिक विकासमा संचालन गराउने, वैदेशिक रोजगारीबाट प्राप्त उद्यमशिलता, प्रविधि र ज्ञानलाई समग्र गाउँपालिकाको विकासमा समाहित गर्ने, पराम्परागत खेति तथा पशुपालन पद्धतिलाई ब्यवस्ययीक तथा आधुनिकिरण गर्दै लैजाने, निजी क्षेत्र संग सहकार्य गरी पर्यटन पुर्वाधार निर्माण गरि अन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षिक गराउन सक्ने अवसर रहेको छ ।

**चुनौतिः**

भुकम्पबाट अवरुद्ध हुन गएको विकास प्रक्रियालाई जनताको जिवनस्तरको सुधार संगै अगाडि वढाउनु, विकासको कार्यक्रमलाई नागरिक मैत्री बनाउनु एंव बातावरण मैत्री बनाउनु निर्वाह मुखी कृषिलाई ब्यवसायिक वनाउनु, सचेत नागारिक निर्माण गर्न जनस्तर सम्म शिक्षाको पहुँच पुऱ्याउनु, सुखि र सम्पन्न परिवार वनाउन आवश्यक प्रविधिको विकास

जनस्तर सम्म पुऱ्याई गरिवी उन्मुलन गराउनु,जननिर्वाचित प्रतिनिधीबाट स्थानिय विकासको नेतृत्व लिनु, जलवायू परिवर्तन अनुकुल स्थानिय विकास गर्नु पर्ने यस गाउँपालिकाको चुनौती रहेका छन ।

**बार्षिक निति बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएका पद्धतिहरुः**

- किस्पाङ गाउँपालिकामा ५ वटै वडाका सबै टोलमा टोलबासी बिच छलफल गरि आवश्यकता र मागको आधारमा योजनाहरुको पहिचान गरियो ।
- वडाले योजनाको प्राथामिकिरण गरि गाउँपालिकमा पेश गरेको योजना तथा कार्यक्रमहरुको प्राथामिकिकरण गरि गाउँपालिकामा पेश गरियो ।
- गाउँ पालिकाको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधारित भई वजेट तथा कार्यक्रम तर्जुमा समिति विच छलफल भयो । बजेट तथा कार्यक्रम तर्जुमा समिति निती तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने कार्य गरियो ।

**आयोजना  प्राथामिकिकरणको आधारहरुः**

- वडाको प्राथामिकिकरण परेको योजनाहरु ।
- न्यून लगानीबाट, आधिक लाभ हासिल गर्न सकिने योजना ।
- स्थानिय स्रोतको परिचालनबाट कुशल ब्यवस्थापन हुन सकिने योजना ।
- आर्थिक,सामाजिक,सास्कृतिक रुपले महत्वपूर्ण योजना ।
- निती तथा कार्यक्रमलाई प्रत्यक्ष रुपमा फाईदा पुऱ्याउने योजना ।
- दलित,अल्पसङख्यक ,महिला,बालबालिका किसान,मजुदुर,विपन्न,उत्पिडित वर्ग,पिछाडा वर्ग, सिमान्तकृत वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने योजना ।
- गाउँपालिकाको पहिचान प्रदान गर्ने योजना ।

## समिक्षा

साविकका स्थानिय निकायबाट स्थानिय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँपरिषदबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति उत्साह जनक नै देखियो ।

स्थानिय तहको गठन पश्चात छोटो समयमा सिमित श्रोत साधन एंव जनशक्तिका वावजुत योजनाहरु संचालन भए । आर्थिक बर्षको अन्तमा प्रतिकुल मौसमको कारण योजना संचालन प्रक्रियामा केहि असहजताको वावजुत योजनाहरु गुणस्तरिय रुपमा संचालन भएको छन् ।

## सोचः

समुन्नत र सम्बृद्ध किस्पाङ गाउँ पालिका

## लक्ष्यः

### १) आर्थिक बिकासः

- कृषिको आधुनिकिकरण गर्ने ।
- कम्तिमा ५ रोपनी जमिनमा ब्यवसायीक तरकारी खेती गर्ने कृषकलाई विस हजार अनुदान प्रदान गरिन्छ ।
- पर्यटन पुर्वाधारहरुको विकास गर्ने ।

### २) सामाजिक विकासः

- आधारभुत शिक्षामा गुणस्तरीय नतिजा ल्याउने विद्यालयहरुलाई बार्षिक रुपमा नगद पुरस्कृत गरिनेछ ।
- गाउँपालिकाको बाँकी वडामा ODF घोषणा गरी गाउँपालिकाको समेत ODF घोषण गरिनेछ । POST ODF का क्रियाकलापलाई निरन्तर अनुगमन गरिनेछ ।
- गाउँपालिकामा खेलमैदान निर्माण हुने ।
- एक घर एक धारा निर्माण गर्ने ।

## ३) पूर्वाधार

- सडक संजालको विकासलाई योजनाबद्ध रुपमा अघि वढाउन गाउँ सडक ब्यवस्थापन योजना (VT MP) वनाई मापदण्ड तय गरी कार्यन्वयन गर्दै लगिने छ ।
- कच्ची सडकहरु ग्रावेल र स्तरउन्नती गर्ने ।
- सडक किनारमा ड्रेन निर्माण गर्ने ।
- सम्पुर्ण गाउँपालिका भित्र सिचाईको ब्यवस्था गर्ने ।

## ४) बाताबारण तथा विपद ब्यवस्थापन

- न्युनतम वार्षिक १००० बटा विरुवा विक्षारोपण गर्ने ।
- प्रत्येक वडामा विपद ब्यवस्थापन तालिम संचालन हुने ।

## ५) सस्थागत विकास, सेवा प्रवाह र सुशासनः

- प्रत्येक वडा कार्यालयको भवन ब्यवस्थित गर्ने ।
- जन उत्तरदायी एंव नागारिक मैत्री सेवा प्रवाह गरि प्रत्येक कार्यालयबाट एकिकृत सेवा प्रदान गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र सन्चालित योजना तथा कार्यक्रमहरुको चौमासिक रुपमा सार्वजानिक सुनवाई गर्ने छ ।

## उदेश्यः

आर्थिक,सामाजिक, पूर्वाधार तथा कृषि क्षेत्रको विकास गरी उत्पादन र उत्पादकत्व वढाई गरिवीको रेखा मुनी रहेको ब्यक्तिको आर्थिक स्तर माथि उठाउने ।

## अपेक्षित उपलब्धीः

आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास वातावरण तथा विपद ब्यवस्थापन, सस्थागत विकास तथा  सेवा प्रवाह, बित्तिय ब्यवस्था र सुसासन को क्षेत्रमा लक्ष्य अनुरुपमा कार्य पुरा भएको हुने ।

## समग्र निति तथा कार्यक्रम

किस्पाङ गाउँपालिकाको आ.ब. २०७४/०७५ को गाउँसभाको प्रस्तुत निति निम्न अनुसार रहेको छ ।

## आर्थिक विकास निति:

- क्षेत्रगत विकासको लागी गुरुयोजना वनाई ब्यवस्थित योजना प्रणाली अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिनेछ ।
- माटो सुहाउदो ब्यवासायिक,जडिबुटी खेती गरेमा प्रोत्साहन स्वरुप आर्थिक अनुदान दिइनेछ ।
- कृषि क्षेत्रलाई आधुनिक,ब्यवसायिक,वैज्ञानिकिकरण, यान्त्रिकिकरण गर्न संभाब्यता अध्ययन, अनुसन्धान, परिक्षण गरि निर्यातका साथै भण्डारको लागि कोल्ड स्टोर निर्माण गरिनेछ ।
- कृषि विकासको लागि संकलन केन्द्र स्थापना गरि कृषि उपजको बजारीकरण ब्यवस्थित गरिने छ ।
- सिचाई ब्यवस्था गरि उर्वरशिल जमिनमा एकिकृत सघन कृषि उत्पादनको लक्ष्य लिईने छ ।
- वडा स्तरिय वडा कार्यालयलाई एकिकृत सेवा केन्द्रको रुपमा विकास गरिने छ ।
- स्थानिय स्तरमा उपलब्ध जडिबुटिहरुलाई ब्यवस्थित गर्ने, संरक्षण संबर्धन, विक्रि बितरणमा लागि सम्बन्धित निकाय सँग समन्वय गर्दै सहज बातावरण तयार गरिने छ ।
- कृषिलाई ब्यवसायिक बनाउन कृषिमा हुने जोखिम ब्यवस्थापन गर्नको लागि कृषि विमाको अवधारणको कार्यक्रम सन्चालन गरिने छ ।
- कृषि प्राविधिकहरुको पहुँच बस्ती स्तरको कृषकहरुको विच पुर्याउन सरकारी तथा गैर सरकारी संस्थाहरु सँग समन्वय गर्दै सेवाको कमि हुन नदिन विशेष पहल गरिने छ ।
- सफल तथा नमूना कृषि उद्यमीहरु छनोट गरी प्रोत्साहन स्वरुप उचित पुरस्कारको ब्यवस्था गरिने छ । साथै समुह तथा सहकारीहरुको कार्य क्षमतामा बृद्धि गर्न थप कार्यक्रमको ब्यवस्था गरिने छ ।

- तरकारी तथा नगदे बालीहरु(अलैची,अदुवा) बृहत उत्पादनको लागि लक्षित कार्यक्रमको ब्यवस्था गरिने छ। साथै आवश्यकता अनुसार बाली उपचार शिबिर संचालनको लागि गरिने छ।
- रासायानिक मल,बिषाधी, विउ बिजन कृषि उपकरणको कृषकहरुमा सहज अपुर्तिको उचित ब्यवस्था गरिने छ । साथै अनधिकृत विषाधी सिफारिस नभएको विउ बिजन विक्रिवितरणमा रोक लगाई सुपथ अधिकारिका विक्रि केन्द्रहरुको स्थापना गरिने छ। ।
- प्राङ्गरिक खेती मौरि,माछा,रेशम जस्ता खेतिहरुमा समुहगत मागको आधारमा लक्षित कार्यक्रमको ब्यवस्था गरिने छ।
- प्रत्येक वडामा समुहगत रुपमा तालिम तथा प्रदर्शनि नमूना फर्मको विकास गर्न आवश्यक कार्यक्रमहरु सन्चालन गरिने छ।
- पशु उपचारको लागी अत्यआबश्यक औषाधी निःशुल्क ब्यवस्था गरिने छ।
- महामारीको रुपमा फैलिने रोगहरुको लागि खोप कार्यक्रम सन्चालन गरिने छ।
- सफल ब्यवासायीय कृषकलाई पुरस्कारको अबधारण ल्याईने छ।
- पशु विमा को अवाधरणाको साथै कृषकलाई पशु बिमा सम्बन्धि उत्प्रेरणत्मक कार्यक्रमहरु सन्चालन गरिने छ।
- आवश्कता अनुसार कृषक स्तरिय कार्यक्रमहरु संचालन गरिने छ।
- नेपाल सरकारबाट उपलब्ध प्राविधिक सेवा भएको वडामा सामुदायिक पशु सेवा केन्द्र स्थापना गरिने छ। साथै ल्यावको ब्यवस्था गरिने छ।
- विषयगत शिर्षकमा नेपाल सरकार मार्फत प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा सन्चालन तथा निरन्तरता दिईने छ।
- आकस्मिक रुपमा फैलिने महामारी रोकथामको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ।
- सामूदायिक प्रजनन् केन्द्र स्थापनाको लागि पहल गरिने छ।
- नश्ल सुधारको लागि प्रजनन विकृति निरुत्साही गर्ने कार्यक्रम संचालन गरिने छ।
- नेपाल सरकारको दुध फुल मासुमा निर्भर हुने कार्यक्रम अनुसार अनुदान कार्यक्रम ल्याईने छ।
- पशु पालक कृषकलाई ब्यावसायीक बनाउदै लैजाने अवधारणा ल्याईने छ।

- जुनोटिक रोग सम्बन्धी पशु र स्वास्थ्य विच समन्वय गरि आवश्यक जनचेतना कार्यक्रम संचालन गरिने छ ।
- पशु क्वारेन्टाईनको लागी आवश्यक पहल गरिने छ ।
- मासु जन्य पसललाई व्यवस्थित रुपमा सन्चालन गरिने छ ।
- स्थानिय स्रोत एंव सिपको प्रयोग गरि लघु ,घरेलु र साना उद्योगको स्थापनामा प्रोत्साहन गरिने छ ।
- किस्पाङ पर्यटकिय गुरुयोजनाको पुनरावलोकन गरि निजि क्षेत्र सँग समन्वय गरि कार्यन्वयन गरिने छ ।
- किस्पाङ देखी नेउपाने चौर, नौ घडेरी हुदै ज्याकुद, फिकुरी डाँडा सम्मको केवुलकार संचालन संभाब्यता अध्ययन गर्ने छ ।
- गाउँपालिकाको जग्गा/सार्वजानिक जग्गाहरुको संरक्षण गर्ने र त्यस्ता जग्गाको समुचित उपयोगको रणनिति वनाईने छ ।
- पाँचसय खोला भेडा फार्म देखी फुङफुङ झरना ,गोङगा भञ्ज्याङ सिङला गणेश हिमाल पर्थ मार्गको विकास तथा प्रबर्द्धन गर्ने ।
- सहकारीलाई स्थानिय पुँजि संकलन एवं सामाजिक एव आर्थिक बिकास क्षेत्रमा लगानी गर्ने प्रोत्साहन गरिने छ ।
- स्थानिय रोजगारी प्रबर्द्धन गर्न सहकारीको भुमिकालाई प्रोत्साहन गरिने छ ।
- बजार अनुगमनको व्यवस्था गरी अखाद्य बस्तुको विक्री वितरणमा रोक तथा मुल्य एकरुपता र नियन्त्रण गरि प्रत्येक पसलमा अनिवार्य मूल्य सूची टाँस गर्न लगाउने व्यवस्था गरिने छ ।
- दैनिक प्रयोजनामा आउने आधारभुत आवश्यकताका बस्तुहरुको वजार अभाव हुन नदिने तथा कृतिम अभाव श्रृजनालाई निरुत्साहित गरिने छ ।

## सामाजिक विकास निति

- गाउँपालिकाको बहुमुखी क्याम्पसलाई नियमित सन्चालनको लागी आवश्यक भौतिक पुर्वधार तथा अन्य पुर्वाधारको विकास गर्न पहल गरिने छ ।
- प्रत्येक विद्यालयलाई ई-पुस्तकालयको व्यवस्था गरिने छ ।
- प्राथामिक विद्यालयमा मन्टेस्वरी कक्षा संचालन का लागि आवश्यक तयारि गरिनेछ ।

- यथाशिघ्र गाउँपालिकालाई पुर्ण खोप गाउँपालिका घोषणा गर्न पहल गरिने छ ।
- एक घर एक धारा सहितको शुद्ध खानेपानीको ब्यवस्था गरिने छ ।
- नेपाल सरकार बाट आएको  बाहेक अन्य औषाधीहरु सस्तो सुलभ दरमा उपलब्ध गराउन स्वास्थ्य संस्थाको निगारनीमा फार्मेसी सन्चालन गर्न पहल गरिने छ ।
- मातृ मृत्यु दर घटाउन गर्भवती महिलाहरुको गर्भाधारको लागि हस्पिटलमा एम्वुलेन्स बाट जाँदा हुने एम्वुलेन्स खर्चको अनुदान एकपटक दिने ब्यवस्था गरिने छ ।
- गाउँपालिका स्तरीय एम्वुलेन्स सेवाको ब्यवस्था गरिने छ ।
- अब्यवस्थित रुपमा निजी सन्चालनमा रहेको क्लिनिक तथा मेडिकलहरुलाई ब्यवस्थित रुपमा संचालन गर्न पहल गर्ने ।
- अन्धविस्वास र परम्परागत उपचार प्रणालीबाट आधुनिक उपचार प्रणालीमा जनस्तरको पहुँच पुऱ्याईने छ ।
- किस्पाङ गाउँपालिका भित्र रहको धार्मिक संपदा,तिर्थस्थलहरुको संरक्षण र संबर्धनको लागि पहल गरिने छ ।
- जातजातिहरु अनुसारको मौलिक भेषभुषा कला संस्कृतिहरुलाई जर्गेणा गरिने छ ।
- सास्कृतिक संरक्षण को क्रीयाकलाप गर्न युवा लाई प्रोत्सोहान गरिने छ ।
- खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुरयाउने व्यक्तिलाई प्रोत्साहन सहित समग्र खेलकुदको पुर्वाधार निर्माण कार्यको सुरुवात गरिने छ ।
- वडा स्तरीय एक खेलमैदानको व्यवस्था गरिने छ ।
- बिभिन्न खेलकुद विधामा उत्कृष्ट खेलाडीहरुलाई उचित पुरस्कारको ब्यवस्था गरिने छ ।
- युवा स्वरोजगारमूलक कार्यक्रमहरु पहिचान गरि युवालाई कृषि तथा पशु क्षेत्रमा आकर्षणको लागी एकल/सामुहिक प्रयासमा गरिने कृषि तथा पशु कार्यक्रमको लागी एकपटक अनुदान दिने ब्यवस्था गरिनेछ ।
- शारिरिक अपाङ्ग/अशक्त नागारिकहरुको जिविको पार्जनको लागी कार्य विधी वनाई मासिक आर्थिक अनुदानको ब्यवस्था गरिने छ ।

**पूर्वाधार विकास निति**

- गाउँपालिकाको मुख्य सडक डिभिजन सडक कार्यालय र निर्माण ब्यवसायी सँग संग समन्वय गरी यथा संभव चाँडो भन्दा चाँडो कालो पत्रे गर्ने कार्य सम्पन्न गराउन पहल गरिने र अन्य गाउँ स्तरिय सडकको अवस्थाको वारेमा तथ्याङ्क अद्यावधिक गरि सडकको स्तरोन्नती गर्दै लगिने छ ।
- महत्वपुर्ण प्रमुख आयोजनाको DPR तयार गरि साझेदारी निकाय संग समन्वयमा कार्यान्वयन गर्दै लगिने छ ।
- सबै वडामा १२ महिना गाडी चल्न सक्ने सडक पुर्वाधार निर्माीण गर्न प्राथामिकता दिईने छ ।
- पूर्वाधार र सेवा सम्पन्न एकिकृत बस्ती निर्माणमा प्रोत्साहन गरिने छ ।
- विकास निमार्ण निमार्ण कार्य गर्दा,सामाजिक तथा वातावरणनिय पक्षको नकारात्मक असर न्यूनिकरण गर्न जोड दिईने छ ।
- छलखुङ खोला काहुले सेक्टर सिचाई पुननिर्माण गर्न पहल गरिने छ ।
- किस्पाङ वडा नं. १ र ४ सँग समन्वय गरि सप्ताङ सिचाई आयोजनालाई गाउँपालिकाको नमूना योजनाको रुपमा विकास गरिने छ ।
- सिंचित जमिन र असिंचित जमिनको क्षेत्र निर्धारण गरी लक्षित सिंचाई कार्यक्रम संचालन गरिने छ । साना जल विद्युत, सौर्य उर्जा, प्रर्वद्धन विकास एंव विस्तार गरिने छ ।
- विद्युतिकरणलाई विस्तार गरि आर्थिक क्रियाकलाप सँग आबद्ध गरिनेछ ।
- गाउंपालिका भित्र रहेका काठको पोल तथा नाङ्गो तारलाई विस्थापित गरी फलामे पोल तथा केवुल तारको ब्यवस्था गरिने छ ।
- गाउँपालिकाले ल्याएको एक घर एक धारा अभियानाको पहिलो चरणको कार्यक्रम अन्तरगत हाङहाङस्योङ बृहत खानेपानी आयोजना संभाब्यता अध्ययन पुरा भै कार्यन्वयन चरणमा रहेको छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह निति**

- विज्ञान र प्राविधिलाई समग्र विकास प्रकृयाका विविध पक्ष संग आवद्ध गराईने छ ।

- प्रत्येक सरकारी कार्यालयमा पुर्वाधार युक्त,चुस्त दुरुस्त सेवा प्रवाह गर्ने निकायको रुपमा विकास गरिने छ ।
- यस गाउँपालिका भित्रको सामाजिक एंव आर्थिक विश्लेषण सहितको तथ्याङ्क निमार्ण गर्न प्राथामिकता दिइने छ ।

**बातावरण तथा विपद  व्यवस्थापन निति**

- भुकम्पमा पिडित नागारिकहरुको गुनासो पूर्ण रुपमा सुनवाई नभएकोले सो कार्यान्वयन गर्न पहल गरिने छ ।
- विपत व्यवस्थापनाको लागि उच्च जोखिममा रहेको बस्तिको  पहिचान गरि पुनस्थापनाको लागि प्रभाकारी संयन्त्रको निमार्ण गरिने छ ।
- खुला स्थानमा हरियाली पार्क ,पिकनिक स्पटको रुपमा विकास गर्दै लगिनेछ  ।

**कर निति**

- वडा वाट उठाईने विभिन्न कर,दस्तुर उठाउन विभिन्न संघ संस्था संग साझेदारी नीति अवलम्बन गरिनेछ ।
- एकिकृत सम्पत्तिकर प्रणालीलाई मुल कर प्रणालीको रुपमा विकसित गरिने छ।
- गाउँपालिकाको कर प्रणाली र खर्च प्रणाली तथा अन्यलाई क्रमशः कम्प्यूटर सफ्टवेर प्रणालीमा लगिने छ ।
- गाउँपालिकामा दर्ता तथा नविकरण गराएर मात्र व्यवसाय संचालन गर्न प्रोत्साहित गरिने छ ।
- लघु तथा साना उद्योगहरुलाई प्रोत्साहन गर्न करको दायरामा ल्याउन पहल गरिनेछ ।
- गाउँपालिका भित्र नियमित रुपले वढी कर तिर्ने कर दातालाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

**मूख्य मुख्य आयोजना र क्रियाकलापहरुः**

- आर्थिक विकास

  कृषि,उद्योग तथा बाणिज्य, पर्यटन,सहकारी र वितिय क्षेत्रलाई रकम **रु.९५,३७,०००।००** विनियोजन गरिएको छ ।

- **सामाजिक विकास**

  शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई संस्कृति प्रवर्द्धन,खेलकुद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक क्षेत्रमा **रु.९५,३७,०००।००** विनियोजन गरिएको छ ।

- **पूर्वाधार विकास**

  स्थानिय सडक,पुल तथा झोलुङ्गे पुल,सिचाई,भवन तथा सहरी विकास,उर्जा,लघु तथा साना जलविद्युत क्षेत्रमा **रु.६,५१,६१,०००।००** विनियोजन गरिएको छ ।

- **वातावरण तथा विपद व्यवस्थापन**

  बन तथा भु-संरक्षण, जलाधार संरक्षण, बातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण,विपद व्यवस्थापन र वारुण यन्त्र संचालनको लागी रु. **४९,१८,०००।००** विनियोजिन गरिएको छ ।

- **संस्थागत विकास तथा सेवा प्रबाह**

  सामान्य सेवा,सुरक्षा व्यवस्थापन,सूचना प्रविधि,पञ्जिकरण व्यवस्थापन,स्थानिय तथ्याङ्क संकलन र अभिलेख,सुशासन प्रबर्द्धन,अनुसन्धान तथा विकास र अन्यत्र बर्गिकृत नभएको क्षेत्रमा **रु.४९,१८,०००।०० बिनियोजित गरिएको छ ।**

**अनुमानित ब्यय र स्रोत ब्यवस्थापन**

आ.व. २०७३/०७४  को संसोधित कूल आय **रु.२,९१,१५,०००।००** रहेको जसमा रहेको आन्तारिक राजश्व **रु.२,००,०००।** रहेको एंव अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु **२,८९,१५,०००।००** प्राप्त रहेका अनुमान छ भने ब्यय तर्फ **रु.२,९१,१५,०००।००** रहेको जसमा चालु खर्च **रु.११,१५,०००।००** एंव पुजिगत खर्च **रु.२,८०,००,०००।००** रहेको छ ।

आ.व. ०७४/०७५ मा यस किस्पाङ गाउँपालिकाको अनुमानित आय एंव ब्यय निम्न अनुसार रहने अनुमान गरिएको छ ।

**<u>अनुमानित आय रु.१८,९८,१४,०००।००</u>**

१) अन्तारिक राजश्व **रु.२०,००,०००।००**

२) राजश्व बाडफाडबाट प्राप्त **रु. २०,००,०००।००**

३) नेपाल सरकारबाट प्राप्त **रु.१८,३८,१४,०००।००**

४) अन्य आयबाट प्राप्त **रु.२०,००,०००।००**

**<u>अनुमानित ब्यय- रु.१८,९८,१४,०००।००</u>**

१) चालु खर्च **रु.९,५७,४३,०००।००**

२) पुजिँगत खर्च **रु. ९,४०,७१,०००।००**

अनुमानित कर राजश्व उठाउने आधारहरु निम्न लिखित रहेका छन

**आर्थिक वर्ष ०७४/०७५का लागि राजश्व परिचालन श्रोतहरुः**

१) आवसिय घर कर :-रु. ५०। (समान्य घर) रु.१०० (ढलान पक्की घर)

२) ब्यवासायीक घर कर :-रु.२०००।

३) जग्गा नामसारी सिफारिस कर :-रु.५००। प्रति सिफारिस

४) घर निर्माण सम्पन्न कर :-रु.१०००। प्रति घर

५) मालपोत कर :-रु.१५ प्रति रोपनी (अबल र दोयम)(विलम्व शुल्क १० प्रतिशत प्रतिवर्ष)

रु.१० प्रति रोपनी -सिम र चाहार) (विलम्व शुल्क १० प्रतिशत प्रतिवर्ष)

६) घरबाटो सिफारिस :-घरबाटो भएको लाई रु.५००। घरबाटो नभएकोलाई रु. २००। प्रति सिफारिस

७) विद्यालय अनुमति सिफारिस :- रु.२०००। प्रति सिफारिस

८) मण्टेश्वरी /पुर्व प्रा.वि नविकरण :-रु.२०००। प्रति सिफारिस

९) नेपाली नागरिकता प्रमाण पत्र सिफारिसः-निःशुल्क

१०) नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपी सिफारिस :- हराएको रु.५००। च्यात्तिएको/झुथो भएको रु २००।

११) विज्ञापन कर  1 M ×1M होडिङ बोर्ड :-रु.१०००। प्रति बर्ष

१२) घर बहाल कर :- १० प्रतिशत ।

१३) जग्गा दर्ता सिफारिस प्रति रोपनी  :-रु.५०। प्रति रोपनी

१४) चार किल्ला सिफारिस  :-रु.२००। प्रति सिफारिस

१५) धारा/विधुत सिफारिस  :-रु.२००। प्रति सिफारिस

१६) नाता प्रमाणित  :-रु.२००। प्रति सिफारिस

१७) सर्जमिन दस्तुर रु १००० प्रति सर्जमिन

१८) घर कायम सिफारिस रु १०००। प्रति सिफारिस

१९) विदेशी प्रयोजन प्रति सिफारिस रु.५००। प्रति सिफारिस

२०) सम्पत्ति मूल्याकन सिफारिस रु १०० प्रति लाख मूल्याकन(बैदेशिक प्रयोजनको लागि)

अन्य प्रयोजनको लागी रु.५०। प्रति लाख

२१) जग्गा प्लानिङ प्रति रोपनी रु ५००।

२२) पञ्जिकरण ढिला दस्तुर रु ५०। (३५ दिन भित्र निःशुल्क)

२३) विद्यार्थी छात्रबृत्ति र असहाय सिफारिस :- निःशुल्क

२४) सामान्य सिफारिस रु. १००/प्रति सिफारिस ..

२५) नक्सा पास दस्तुर रु.सामन्य घर २।५० (प्रति वर्ग फिट) ढलान घर ४।०० (प्रति वर्ग फिट)

२६) व्यवसाय दर्ता तथा नविकरण दस्तुर रु.२०० देखी १०००। सम्म पुँजिको आधारमा ।

२७) बन्य जन्तु, जडीवुटी, पशुपन्छि जन्य निर्यातको विषयमा जिल्ला वन कार्यालय सँग समन्वय गरि कार्यविधि निर्माण गरि सो अनुसार कर दस्तुरको  दर रेट निर्धारण गरिनेछ ।

२८) ढुङ्गा गिट्टी बालुवा तथा नदि जन्य बस्तुमा लाग्ने दस्तुर जिल्ला समन्वय समिति सँग समन्वय तथा परामर्श गरि कार्य विधि निर्माण गरि सो अनुसार दस्तुर रकम तोकिने छ ।

आर्थिक बर्ष २०७२/०७३ को यथार्थ,चालु आर्थिक बर्ष ०७३/०७४ को संसोधित अनुमान र आर्थिक बर्ष २०७४/०७५ को अनुमानित आय व्यय विवरण परिमाणात्मक सुचक सहित अनुसुचीमा प्रस्तुत गरिएको छ ।

अन्तमा, सार्बभौम अधिकार सम्पन्न नेपाली जनता द्वारा निर्मित संविधानबाट देश संघिय गणतन्त्र घोषण भै संविधान कार्यन्वयनको चरणमा रहदै गर्दा स्थानिय तहको निर्वाचन सम्पन्न भै यस किस्पाङ गाउँपालिकाको एतिहासिक गाउँ सभामा ईतिहासमै पहिलो पल्ट यस गाउँपालिकाको निति, कार्यक्रम तथा बजेट पेश गर्ने सुनौलो अवसर प्रदान गर्नु हुने सम्पुर्ण किस्पाङ बासी जनसमुदाय प्रति अभार तथा कृतज्ञाता ज्ञापन गर्दछ्ु ।

यस निति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा अविरल रुपमा सहायोग गर्नु हुने वडा नं. २ को वडा सचिब श्री वलचन्द्र पुन, वडा नं. ४ को वडा सचिव श्री उद्धव सन्जेल,वडा नं १ को वडा सचिब श्री रवि पाण्डे र वडा नं. ३ को कार्यालय सहायक श्री चन्द्र बहादुर तामाङ लगायत यस कार्यमा सहायोगी भूमिका खेल्नु हुने सवैलाई धन्यवाद ज्ञापन गर्दछु । साथै यस गाउँपालिकाका उपाध्यक्ष श्रीमति माया देवी न्यौपाने ज्यू,को अध्यक्षतामा सम्पन्न भएको एतिहासिक गाउँ सभामा उपस्थित हुनु भई कार्यपालिकाले प्रस्ताव गरेको निति,कार्यक्रम तथा वजेट सर्व सम्मतले पारित गरि दिनु भएकोमा सम्पुर्ण गाउँसभा सदस्य ज्यू हरु प्रति अभार प्रकट गर्दछु ।

छत्र बहादुर लामा
अध्यक्ष
किस्पाङ गाउँ कार्यपालिका